# भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२

**नेपाल राष्ट्र बैंक**

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

**नेपाल राष्ट्र बैंक**

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

**भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२**

हालै आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई घर पुनर्निमाणका लागि प्रवाह गरिने आवासीय कर्जामा यस बैंकले उपलव्ध गराउने पुनरकर्जा प्रयोजनका लागि यो कार्यविधि बनाई लागू गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले उपर्युक्त प्रयोजनका लागि देहायका शर्त तथा व्यवस्थाहरुको पालना हुने गरी प्रवाह गरेको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलव्ध गराइने छ :

**शर्त तथा व्यवस्थाहरु :**

(१) पुनरकर्जाको अधिकतम सीमा काठमाण्डौ उपत्यकामा प्रति घरपरिवार रु २५ लाख र उपत्यका बाहेकका प्रभावित जिल्लामा रु १५ लाख सम्मको ऋण सुविधाको आवासीय घर पुनर्निर्माण प्रयोजनका लागि मात्र हुनेछ। उक्त सीमा भन्दा बढी प्रवाह भएको कर्जाको रकममा पुनरकर्जा सुविधा प्रदान गरिने छैन ।

(२) यो सुविधा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको अवस्थामा मात्र उपलब्ध गराइने छ। भूकम्पले क्षतिग्रस्त आवासीय घर गाउँ विकास समिति (गा.वि.स.) मा भए गा.वि.स. भित्रै, नगरपालिकामा भए सम्बन्धित वडा भित्रै पुनर्निमाण गर्नका लागि पुनरकर्जा सुविधा उपलब्ध गराइनेछ । तर, क्षतिग्रस्त स्थान बस्नयोग्य नरहेको प्रमाण नेपाल सरकारको आधिकारिक निकायबाट प्राप्त गरेको अवस्थामा सोही जिल्लाको अर्को स्थानमा निर्माण गरिने आवासीय घरका लागि समेत यस कार्यविधि बमोजिम पुनरकर्जा प्रदान गर्न सकिनेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण गर्न प्रदान गर्ने ऋणमा बढीमा २ बर्षको लागि शून्य व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ। यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले ग्राहकसंग अधिकतम २ प्रतिशत मात्र ब्याज लिनु पर्नेछ। पुनरकर्जाको अवधि ब्यतित भएपछि बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा आफ्नो Cost of Fund मा बढीमा २ प्रतिशत बिन्दुसम्म थप गरी ब्याजदर कायम गर्नुपर्नेछ। यस प्रयोजनका लागि अघिल्लो त्रयमासको अन्तिम महिनाको औसत Cost of Fund लाई चालु त्रयमासमा आधारको रुपमा लिनु पर्नेछ ।

(४) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ब्याजदर परिवर्तन गर्न पाउने छैनन् । यस्तो कर्जामा ब्याज तथा तेश्रो पक्षलाई भुक्तानी गर्नु पर्ने (बीमा, धितो मूल्यांकन, कर्जा सूचना, कर्जा सुरक्षण शुल्क) लागत बराबरको शुल्क बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन ।

(५) शुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्यूनतम अवधि ५ वर्ष र अधिकतम १० वर्षसम्मको हुनेछ । कुनै ऋणीले अग्रीम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रीम भुक्तानी शुल्क लाग्ने छैन । पुनरकर्जाको अवधि समाप्त भए पश्चात् यस्तो कर्जामा बढीमा ८ वर्षका लागि यस बैंकवाट ब्याज अनुदान प्रदान गरिनेछ ।

(६) बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जामा ऋणीसँग असुल उपर गर्नुपर्ने ब्याजमध्ये २ प्रतिशत सम्बन्धित ऋणीवाट असुल गर्ने र बाँकी ब्याज रकम यस बैंकवाट त्रैमासिक रुपमा त्रयमास समाप्त भएको मितिले १५ दिन भित्र संलग्न ढाँचा बमोजिम सोधभर्ना माग गर्नु पर्नेछ। यसरी माग भएको ब्याज अनुदान वापतको रकम यस बैंकवाट त्रयमास समाप्त भएको मितिले एक महिना भित्रमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरिनेछ। **साथै, यस बैंकबाट सोधभर्ना माग गर्नु पर्ने रकम सोधभर्ना प्राप्त नभएको अवस्थामा समेत आम्दानी लेखाङ्कन गर्न सकिनेछ। पूँजीकोष गणना गर्ने प्रयोजनका लागि सो रकमलाई नेपाल सरकारबाट प्राप्त हुनु पर्ने रकम अन्तर्गत शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सकिने छ।**

(७) यस कार्यविधि बमोजिम प्रदान गरिएको कर्जालाई पुनरकर्जा अवधि समाप्त भएपश्चात बैंक तथा वित्तीय संस्थाले विपन्न वर्ग कर्जामा गणना गर्न सक्नेछन् । साथै, CCD ratio गणना गर्दा यस्तो कर्जा कुल कर्जाबाट घटाउन सकिनेछ ।

(८) यस्तो ब्याज अनुदान सुविधा "सक्रिय" कर्जामा मात्र प्रदान गरिनेछ ।

(९) २०७५ असोजमसान्त पश्चात् भूकम्प प्रभावितहरुलाई प्रदान भएको कर्जामा पुनरकर्जा लगायतका ब्याज अनुदान सुविधा प्रदान गरिने छैन ।

(१०) बैंक वा वित्तीय संस्थाले आवासीय घर पूनर्निर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तिमा चार चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ । तर, बुँदा नं. १४ बमोजिम प्रवाह गरिएको कर्जाका हकमा भने यो व्यवस्था अनिवार्य हुने छैन ।

(११) आवासीय घर पुनर्निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनु पर्नेछ ।

(१२) बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्वन्धित निकाय वा स्थानीय निकाय (नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका/वडा कार्यालय/गा.वि.स.) को भूकम्प पीडित भई आवासीय घर क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण वा सो सम्बन्धी ऋणीको स्व:घोषणा अनिवार्य रुपमा लिनुपर्नेछ ।

(१३) भूकम्पपीडितका लागि यस बैंकबाट प्रवाह गरिने कुल पुनरकर्जाको सीमा प्रत्येक बैंक वा वित्तीय संस्थाका लागि सो संस्थाको प्राथमिक पुँजीको ८० प्रतिशत सम्म मात्र हुनेछ ।

(१४) यस्तो कर्जा सामान्यत: वीमा गरेको हुनुपर्नेछ । कर्जाको बीमा गरेको अवस्थामा कर्जा वर्गीकरणका आधारमा हरेक वर्गमा कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थाको २५ प्रतिशतका दरले मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।

(१५) यस्तो पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जाको मासिक विवरण (अनुसूची) महिनासमाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(१६) पुँजीकोष गणना प्रयोजनका लागि यसरी प्रवाह गरिएको कर्जाको जोखिम भार आवासीय घर कर्जा सरह ६० प्रतिशत हुनेछ ।

(१७) यस्तो पुनरकर्जा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको धितोमा प्रदान गरिनेछ ।

(१८) भुकम्पबाट पूर्णरुपमा घर क्षति भएका आफ्ना सदस्यहरुलाई आवासीय घर निर्माणका लागि "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले सामुहिक जमानीमा रु. ३ लाख सम्म कर्जा प्रवाह गरेमा यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा प्रदान गरिनेछ । साथै, "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सिफारिसमा त्यस्ता संस्थाका सदस्यहरुलाई "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको रु. ३ लाख सम्मको कर्जामा समेत यो पुनरकर्जा प्रदान गरिनेछ ।
यस व्यवस्था अन्तर्गत सामुहिक जमानीमा प्रवाह गरिएको कर्जाका हकमा कार्यविधिको बुँदा नं. ७ को राष्ट्रिय भवन संहिता सम्बन्धी व्यवस्था बाहेक अन्य व्यवस्थाहरु यथावत रुपमा लागू हुनेछन् । "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको यस्तो कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।"

(१९) यस्तो कर्जा प्रवाह गर्दा बैंक वा वित्तीय संस्थाले सम्बन्धित संस्थाको विद्यमान घरकर्जा सम्बन्धी नीतिगत व्यवस्थाको अधीनमा रही ग्राहकको कर्जा तिर्न सक्ने क्षमता लगायत सुरक्षणका स्पष्ट आधार लिई कर्जा स्वीकृत तथा प्रवाह गर्नुपर्नेछ ।

(२०) भूकम्पपीडित परिवारले आवासीय घर पुनर्निर्माणका लागि सहुलियत दरमा कर्जा लिन चाहेमा बैंक वा वित्तीय संस्थाले सरल र सहज प्रक्रिया अपनाई यस कार्यविधि बमोजिम हुने गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।

माथि उल्लिखित शर्त तथा व्यवस्थाका अधीनमा रही प्रवाह भएको कर्जामा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, केन्द्रीय कार्यालय बालुवाटारमा सम्पर्क गरी बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जा सुविधा लिन सक्नेछन् ।

अनुसूची

मिति : २०७.. /.. /..

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
....................सुपरिवेक्षण विभाग,
काठमाण्डौं ।

विषयः पुनरकर्जाको मासिक विवरण ।

महोदय,

त्यस विभागको प.सं. .............. ................. मिति .............. ................मा जारी भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर कर्जाका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ अनुसार यस संस्थाले उपभोग गरेको पुनरकर्जा तथा सो पुनरकर्जा सुविधा बमोजिम प्रवाह भएको कर्जाको मासिक विवरण देहाय बमोजिम रहेको छ ।

कर्जाको विवरण (मिति : २०७ /....)

| क.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | अन्तिम भुक्तानी मिति | कर्जाको बक्यौता | पुनरकर्जा विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | लिएको मिति | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

* महिना समाप्त भएको १५ दिनभित्र पेश गर्ने ।

.................... बैंक/वित्तीय संस्थाको तर्फबाट
दस्तखत :
नाम :
पद :
छाप :
विभाग/कार्यालय

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय :- भूकम्प पुनर्निर्माण कर्जाको आ.व....... को ........ त्रैमासको अनुदान बारे ।

महाशय,

यस बैंकले "भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह गरेको कर्जामा यसैसाथ संलग्न विवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा पाउने ब्याज अनुदान वापतको रकम कुल रु .............. ( अक्षरेपी .......................................) तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. ......................... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै, उपरोक्त अवधिमा सम्बन्धित ऋणहरुबाट ब्याज वापत रकम रु ..............................(अक्षरेपी ....................................) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ ।

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभाग/कार्यालय : | विभाग/कार्यालय : |
| | छापः |

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान प्रदान गरिएका भूकम्प पुनर्निर्माण कर्जाको ........ त्रैमासको विवरण ।

महाशय,

"भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह भएको कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

**ब्याज अनुदान शोधभर्ना पाउनुपर्ने कर्जाको विवरण**

| क.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु) | ब्याज अनुदान रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु.................. अक्षरेपी ..................

दस्तखतः
नाम :
पद :
विभाग/कार्यालय :

दस्तखतः
नाम :
पद :
विभाग/कार्यालय :
छाप :

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका कर्जाको ..........त्रैमासिक विवरण ।

महाशय,

"भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

**नियमित नभएका कर्जाको विवरण**

| क.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा ( रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रु) | ब्याज अनुदानको अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रु................... अक्षरेपी .............................

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :
छापः

«««»»